

# एउटा मकैको कथा


Nguyễn Trần Thiên Lộc

Nguyễn Thị Ngọc Bích



Let's Read

The Asia Foundation



मेरो नाम बोङ्गी हो। म अर्को वर्षका लागि मकैको बिउ छर्दै छु। मैले काम चाँडै सक्नु पर्ने छ किनभने बाबा-आमाले छर्नु भएको मकै त उम्रिन थालिसकेका छन् ।



चराका हुलहरू बिउ खानलाई एक-एक छिनमा तल तिर उड्छन्। म र मेरा बिरालाहरू मिलेर चराहरूलाई धपाउँछौँ। "चोर चरा भाग्!" भनेर हामी कराउँछौँ।



केहि दिन पछि, एउटा मकै उम्रियो। मैले यसलाई हरियो मुन्टा नाम दिएँ। म हरियो मुन्टा चाँडै हुर्कियोस् भनेर उसलाई कथा पढेर सुनाउथेँ ।



हरियो मुन्टा तिर्खाउँदा म पानी हाल्थेँ ।



म र बिरालाहरू हरियो मुन्टासँग लुकामारी पनि खेल्थ्यौँ।







कहिलेकाहिँ म हरियो मुन्टाको लागी नयाँ प्रकारको खाना हाल्थेँ। यसलाई मल भनिँदो रहेछ ।



हरियो मुन्टा प्रत्येक दिन बढ्दै गयो।



एक दिन माहुरीहरू अरू बिरूवाहरूसँग कुरा गर्दै थिए। "मकै फल्न सुरु भएछ !" उनीहरूले भने।



म दौडिएर हरियो मुन्टा भएको ठाउमा पुगेँ। बाबा-आमाले रोप्नुभएका बोटहरू खुशी थिए। तर हरियो मुन्टा किन यति उदास?



"कसैलाई थाहा छ हरियो मुन्टा किन दु: खी छ?" मेले उसका साथीहरूलाई सोधेँ। चिप्लेकिरालाई थाहा रहेनछ।



झुसिलकिरालाई पनि थाहा रहेनछ।



भ्यागुताले "ट्वार् ट्वार्" गर्दै फुत्त पानीमा हाम फाल्यो। उसले के भन्न खोजेको होला?



ए! मैले बुझें! हरियो मुन्टाको फेदमा पानी जमेको रहेछ । म पानी बगाउन एउटा कुलो बनाऊँछु ।





हरियो मुन्टा बढ्दै जाँदा अरू जस्तै देखिन थालेकाले कहिलेकाहिँ मलाई भेट्टाउन गाह्रो हुन्थ्यो। मैले मेरो मकैको बोटमा एउटा रातो रिबन बाधिदिएँ।



अनि मैले हरियो मुन्टा सजिलै चिन्न सक्ने भएँ!



हरियो मुन्टा दुई हप्तामै धेरै अग्लो भयो।



अन्त्यमा मकै भाँच्ने दिन आयो। हरियो मुन्टाले मलाई एक घोगा मकै उपहार दियो !



अन्त्यमा मकै भाँच्ने दिन आयो। हरियो मुन्टाले मलाई एक घोगा मकै उपहार दियो !



Brought to you by

The Asia Foundation

Let’s Read is an initiative of The Asia Foundation’s Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

**Original Story**
*An A-maize-ing Story*, Author: Nguyễn Trần Thiên Lộc. Illustrator: Nguyễn Thị Ngọc Bích. Published by Room to Read, © Room to Read. Released under CC-BY-4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2021. Some rights reserved. Released under CC-BY-4.0.
Contributing translators: Aditi Adhikari and Suresh Ghimire